# कर्णाली प्रदेशका वर्मन्

-मोहनबहादुर मल्ल

काठमाडौं उपत्यकामा मल्ल राजाहरूको जुन स्थान छ, त्यस्तै कर्णाली प्रदेशमा वर्मन् राजाहरूको छ । जति लामो समयसम्म मल्लहरूले काठमाडौं उपत्यका र यसका वरपरको प्रदेशमा रजाइं गरे त्यतिनै लामो समयसंम वर्मन्-हरूले कर्णाली प्रदेशमा रजाइं गरेका छन् । यी वर्मन्हरू को हुन्, कहांबाट आएका हुन् र यिनीहरूले कर्णाली प्रदेशमा कतिसंम रजाइं गरे, हामी त्यतैतिर फर्कौं । भारतमा गुप्त साम्राज्यको पतन भएपछि दखिन भारतमा देव र वर्मन्को, बंगालमा पालको औ कन्नौजमा वर्मन्हरूको शक्ति बढेर जान्छ । आखिरी हिन्दूसम्राट् हर्षवर्धनको अन्त्यपछि धन-धान्यले सम्पन्न भएको कन्नौज हात लगाउन बंगाल र दक्षिण भारतका राजाहरूको हानाहान भयो । पालहरूका हातद्वारा १०८५ ई. मा चन्द्रदेव गहडवाल वा रायठोरले कन्नौज हात लगाए । ११०० ई. मा गोविन्दचन्द्र अनि विजयचन्द्र कन्नौजका राजा बन्दछन् तथा ११९४ ई. मा महमद गोरी-द्वारा पराजित हुन्छन् । जयचन्द्र मारिएपछि हरिश्चन्द्र राजा बन्दछन् । १२२५ ई. मा दिल्लीका सुलतान इल्तुत-मिसले कन्नौजलाई दिल्लीमा मिलाए तापनि सानोतिनो पराधीन रायठोर राज कन्नौजमा चलेको जस्तो देखिन्छ । १३०३ ई. मा चितौडका राणालाई मद्दत दिन खोज्ने कन्नौ-जका रायठोरहरूको १३०४ ई. मा दिल्लीका सुल्तान अला-उद्दीनले जरै उखेलेर छोडिदिन्छन् । यो कुरो पर्वते राजा राज वर्मन् मल्लका सन्तानमा चलेका वंशावलिमा लेखिएको छ । कन्नौजका आखिरी रायठोर राजा मठीमलका छोरा काशीदास मानसरोवर जान भनेर जुम्लाको बाटो गरी जांदा सिजापतीले आफ्नी छोरी दिई काशीदासलाई जुम्ला समालचौरमा राखेका थिए । इतिहास प्रकाश अंक १ पृष्ठ ६८ समालवंशावलिमा "कनकगढबाट श्री महाराजा सिजा-पतिसंग आयाछन् र श्री महाराजा सिजापतिले आफ्नी छोरी दियाछन् र जुम्लाको अमलमा सामाचौर भन्ने गाउं दियाछन्, तिमीलाई पुत्र जन्म्यो भन्या रजाइं दिउला भनि हुकुम भयाको रहेछ । ताही सामाचौर गाउंमा वस्दा मैत्रा-लाई पुत्र जन्म्याछन् र तिनको देवचन्द्र भनि नाम राख्या-छन्, श्री महाराज सिजापतिले नाति देवचन्द्रलाई सोमवंशी समाल भइस् भनि षिताव दियाछन् असाम बुढीथपुंको श्री देवचन्द्रलाई रजाइं दिई टीका दियाछन् ।" यस्तो लेखि-एको छ । देवचन्द्रलाई टीका दिने सिजापति को थिए पहिले यसैमा चर्चा चलाऔं । पृथ्वी मल्लको कीर्तिस्तम्भमा पाल-हरूका दुई शाखाको नामावलि दिंदा नागराजका सन्तान-लाई पश्चिमी जुम्लाको राजा र पृथ्वी मल्लका बाबुबाजे-लाई पूर्वी जुम्लाको राजा देखाएको छ । यस्तै अरू कर्णाली प्रदेशका पत्रहरूबाट समेत देखिन आएको छ । भीम वर्मन्ले सिजापतीका हातद्वारा जुम्लाको राज्य भेट्टाए भन्ने पर्वते राजा राज वर्मन्का सन्तानमा चलेको समाल वंशावलिमा लेखिएको छ । इ. प्र. अंक १ पृ. १०७ जुम्लेश्वरको वंशा-वलिमा "३६४ वर्षसम्म राजा ज्वालन्धरी वाच्या आफ्नु छोरा नहुदा भैरी मल्ल भन्याले ज्वालन्धरी राजाको धेरै चाकरी गर्दा राजा ज्वालन्धरीले भन्या यो मेरो रजाइं तलाइ दिन्छौ तेरो नाउ सिजापति भयो—" लेखिएको छ । भैरी र भीममा धेरै फरक देखिदैन । सिजापतीले देवचन्द्र-लाई समाल पद दिएका हुन् भन्ने माथि वर्णन गरिएको कुरा गलकोटे राजा जितारि वर्मन्का सन्तानमा चलेको वंशावलिमा लेखिएको देखिदा औं देवचन्द्रपछिका वर्मन्-हरूले आफूलाई समाल भनेर लेख्दा उक्त वंशावलिको कथा-लाई सत्यनै मान्नुपर्छ । कर्णालीका मल्लहरू गर्मीमा सिजा र जाडामा दुल्लु ज्वालाजीको नजीक बस्ने हुंदा यिनलाई सिजापती वा ज्वालन्धरी दुवै नामबाट पुकार्थे । देवचन्द्रलाई अछामको राज्य दिने सिजापती को हुन्, यसको पत्ता लगा-

उन हामी देवचन्द्रका जिज्यूबाजे मठीमललाई दिल्लीका सुलतान अलाउद्दीन खिलजीले १३०४ ई. मा जितेका थिए जो चितौड लिएको एक वर्षपछि थियो । तिन ताका पूर्वी जुम्लामा सायद आदित्य पाल र पश्चिम जुम्लामा जितारि मल्लका छोरा आजित मल्लको रजाइं चलेको थियो । यी आजितलाई पृथ्वी मल्लको कीर्तिस्तम्भमा आदित्य मल्ल भनेर लेखिएको छ तापनि यो राम्रो गराउन लेखिएको थियो । इ. प्र. २,३ पृ. ४८२ डोक्राकोट खौलामनिको अभिलेखमा वि. सं. १३८४ "जिताका पुत्र आजित मल्लदेव" लेखिएको छ । यस्तै इ. प्र. २,१ पृ. २०१ दुल्लु सिद्धगुफा वि. सं. १३५६ को शिलालेखमा "आजित मल्लका पाला" अंकित छ । त्यस बेला पश्चिम जुम्लामा आजितका छोरा कल्याण मल्लको रजाइं चलेको थियो । त्यसै बेला यिनका सेनापति राजा रिपु मल्लले नेपाल उपत्यकामा प्रवेश गरेका थिए । काशीदासलाई छोरी दिने पृथ्वी मल्लका बाजे आदित्य मल्ल हुन् वा कल्याण मल्ल हुन् यो छुट्याउन हामीले पृथ्वी मल्लतिर फर्कन पर्ने हुन्छ । इ. प्र. अंक १ पृ. ११३ कनकपत्रको (१४) मा लेखिएको छ "पूर्विलि आदित्य मल्ल राइका, पुण्य मल्ल काइका तारादेइ गोसाइतिपाय---" यसबाट हामीलाई पृथ्वी मल्लका बाजे आदित्य मल्ल, पिता पुण्य मल्ल र माता तारदेइ रहेछन् भन्ने देखाउंछ ।

पश्चिम जुम्ला वा कर्णाली प्रदेशका राजा प्रताप मल्लको अपुताली पर्दा पूर्वी कर्णालीका राजा आदित्य मल्लका छोरा युवराज पुण्य मल्ल गेलाबाट सिजामा राजा बन्न आउंछन् । नागराजले फुटालेको पाल राज्य यसरी फेरि जोडिन आउंछ । कर्णाली प्रदेश एक भएपछि आदित्य पालले ठूलो सैन्य जम्मा गरी वि. सं. १३८५ मा नेपाल उपत्यकाका राजाहरूलाई वशमा ल्याई जितारि मल्लले झैं "मल्ल" पद ग्रहण गरेको धेरै सम्भव छ । यिनी मल्ल बनेपछि छोरीका छोरा नाति देवचन्द्रलाई समाल पद र सितीवार कर्णालीपारको भूभागमा पर्ने अछाम चर्पुकोटको राज्यसमेत दिएका थिए । देवचन्द्रलाई रजाइं दिने आदित्य मल्लनै हुन् भन्ने हामीलाई दुइ प्रमाणबाट पत्ता लाग्छ । मल्ल माने माल, समाल माने मालसरह (सम+माल) । यसरी आदित्यले देवचन्द्रलाई मल्लसरह बनाए औ पश्चिमको द्वारमा नातिलाई राखेर जुम्लाको राज्य बलियो तुल्याए । पहाडी क्षेत्र, विकट बाटाघाटा, घोर बनजंगलले व्याप्त इत्यादि कारणले गर्दा कर्णालीका मल्लहरूले सामन्तशैलीको रजाइं चलाएका थिए । अर्को प्रमाण के देखिन्छ भने आफ्नो नजीकको नातादार र हकदारलाई बाहेक टाढाकालाई त्यसरी राज्य सौंपन त्यति उचित देखिदैन । यसैले हामीलाई यो निश्चय छ वि. सं. १३८६ तिर देवचन्द्र वर्मन्‌लाई अछाम बूढीचर्पुकोटको रजाइं दिने आदित्य मल्ल र वि. सं. १४१६ मा भीम वर्मन्‌लाई सम्पूर्ण कर्णाली प्रदेशको रजाइं दिने पृथ्वी मल्लनै थिए । कछामको राजा बनेपछि देवचन्द्रका छोरा क्वप्रियालाई पुण्य मल्लले "शाही" पद दिएका हुन् कि जस्तो छ । वंशावलिमा क्वप्रियाले आफैं "शाही" पद ग्रहण गरेको जस्तो गरेर लेखिएको छ तापनि सिजापती पुण्य मल्लको आदेशबेगर उनलाई यस्तो काम गर्न मिल्दैनथ्यो । क्वप्रियाका समयदेखि समालबाट शाही बन्दछन् । त्यस बेला दिल्लीका सुलतान शाही कहलाउंथे । दिल्लीको नकल गर्न हाम्रा बाइसे चौबिसेका रजौटाहरू रुचाउंथे । अशोक महान्‌को उपनाम "क्वपिया" देवचन्द्रको पुत्रले ग्रहण गर्नाको कारण के छ भने पाल वा मल्ल सबै सिजापतीहरूले हिन्दू र बौद्ध दुवै धर्मको मर्यादा राख्दथे । मावलीलाई खुशी गराउन देवचन्द्रका पुत्रले क्वप्रिया नाम धारण गरेको जस्तो बुझिन्छ । किनभने यी वर्मन्‌हरू हिन्दूधर्म मात्र मान्दथे । देवचन्द्र र क्वप्रियाले अछाममा कतिसम्म रजाइं गरे यसको हामीलाई पत्तो छैन औ क्वप्रियाका छोरा भीम वर्मन्‌लाई वि. सं. १४१७ तिर पालवंशका अन्तिम राजा पृथ्वी मल्लले सम्पूर्ण कर्णाली प्रदेशको राज्य दिएका थिए । भीम वर्मन्‌लाई कुनै समाल वंशावलिले गजैभीम भनेर लेखेको पनि छ । नेपालीमा गजैको अर्थ संस्कृतको गज अर्थात् हात्ती हुन आउंछ । यिनले वि. सं. १४२९ सम्म राज्य गरेको जस्तो छ किनभने त्यसपछि उनका छोरा मले वर्मन्‌को कर्णालीका पत्रहरूमा नाम देखिन आउंछ । वर्मन् पदलाई पनि वर्मन्‌हरू कर्णाली प्रदेशमा र गण्डकी प्रदेशमा फैलिए झैं फैलिएका छन्, जस्तो– वर्म, वम्ब र वम ।

भीम वर्मन्‌का छोरा मले वर्मन् शाही प्रख्यात राजा बन्दछन् । यिनलाई वर्मन् शाहीहरूको वंशावलिले यसरी बर्यान गरेका छन् :– इतिहास प्रकाश अंक १ पृष्ठ ७० दुलाल वंशावलि– "औतारी राजा मले वम्वले तेसों हीरा गहना किया--" ऐ पृ. ६९ रासकोटीको वंशावलि– "मले भम्थले नेपाल सधौ छिति आया, राजको महाराजी पाया"

ऐ पृ. ६८, सम्माल वंशावलि– "मलै बम मल्ल ११ इनका पुत्र ४, भाइ जेठा जगतिसिंह साही जाजरकोटका राजा, माहिला पिताम्बर साही रुकुमका राजा, साहिला सुरतान साही सल्यानका राजा, कान्छा सुमति भूप साही दर्नाका राजा– – – ।" मलै वर्मन् शाहीलाई यिनका सन्ततिहरूका वंशावलिले किन यसरी तारीफ गरेका हुन् भने लामो समय-संम अर्थात् ३७४ वर्षसंम पालहरूले नयां राजवंश वर्मन् शाहीहरूलाई मान्न अनकनाएका होलान् । यस्तै सैन्य पठाउन तथा सिर्तो तिर्न बन्द गर्न खोजेका होलान् । यिनै कारण-बाट मले वर्मन् शाही पहिले सिजाका अधीनका राजाहरूसंग लड़ेका थिए जसले अनुचित काम गर्न खोजेका थिए । स्वाधीन बन्न खोजेका राजाहरूलाई वश पारेपछि मले वर्मन् पूर्वतिरका रजौटाहरू जित्न बढेका थिए । पृथ्वी मल्लकै पालामा उनको राज्य उत्तर मानसरोवरको नजीकसंम पुगेको थियो औ कुमाउंका रजौटाहरूसमेत उनका अधीनमा थिए । पूर्वी जुम्लाका राजा कमजोर भएका हुंदा पूर्वका मगर राजाहरूलाई अधीनमा ल्याउन सकेका थिएनन् । सायद मले वर्मन्ले पूर्व काली गण्डकीसंग राज्य विस्तार गरेका थिए । यिनका समयमा सेनहरूले गण्डकी प्रदेशमा खुट्टै टेकेका थिएनन् । मले वर्मन्ले युद्धबाट धन र जमीन दुवै जोड़ेका थिए । यिनले तराईदेखि सिजासंम हात्ती हिड्ने बाटो बनाएका थिए तथा सिजामा हात्तीसार बनेको समेत थियो । सिजा उत्तर जडान र दक्षिण खसानको बीचमा रहेको एक धनधान्यले परिपूर्ण नगर थियो । काठमाडौं उपत्यकाले भोट र भारतको बेपार जोडेर जसरी धन खिचेको थियो यसै गरी सिजाले पनि भारत र भोटको बेपारबाट धन खिचेको थियो । त्यस बेलासंम पालहरूले रजाइं नगरेका ठाउंमा मले वर्मन् शाहीलाई रजाइं गर्नुपरेकोले औ सामन्तहरूले शिर ठाड़ो पार्ने उद्योग गरेकाले खाडाचक्रमा दरबार बनाएर यसलाई राजधानी गराउनु-परेको थियो । यिनले जेठा छोरा जुक्तिसिंह जो मेदनि नाम-बाट प्रख्यात छन् जक्तिपुर जो पछिबाट जाजरकोट नामले पुकारिन थाल्यो त्यसैमा राखेका थिए । माहिला छोरा पीताम्बरलाई रुकुममा र साहिला सुलतान वर्मन् जो सुमेरु नामबाट प्रख्यात भए उनलाई सामाकोट जो आजसम्म सल्यानमा छदैछ त्यसैमा राखेका थिए । कान्छा छोरा सुमति भूप वा संसारी वर्मन्लाई आफूसंग राखेका थिए । जेठा र माहिला छोरा जेठी पत्नीतिरका र साहिला र कान्छा छोरा कान्छी पत्नीतिरका थिए । मले वर्मन् लडाका, रणप्रिय देखिन्छन् । यदि उनलाई कर्णालीका सामन्त राव, रावल, राई र राजाहरूसंग युद्ध गर्न नपरेको भए उनी नेपाल उपत्यकामा हमला गर्न पुग्ने थिए होलान् । शाहवंशमा पृथ्वीनारायण शाह, सेनवंशमा मुनि मुकुन्द, कर्णालीको मल्लवंशमा पृथ्वी मल्ल तथा पर्वतको मल्लवंशमा डिम्ब वर्मन्को जुन स्थान छ त्यस्तै वर्मन् शाहीवंशमा मले वर्मन् शाहीको स्थान छ । उनको रजाइं वि. सं. १४४८ संम कर्णाली प्रदेशमा चलेको जस्तो बुझिन्छ ।

वर्मन्का पांचौं राजा जगती जो मेदनी नामबाट प्रख्यात छन् यिनले आफू बसेको ठाउंलाई आफ्ना नाउंमा जगतीपुर राखे । यही जगतीपुर पछि गएर जाजरकोटमा परिणत भयो । यिनले बलिराज कल्याण शाहीलाई छोरी दिएर आफूसंगै राखेका थिए । राजा भएपछि जुवाईलाई सिजाको हाकिम बनाई पठाएका थिए । वि.सं. १४५५ मा बलिराजले ताम्रपत्रें ग्रन्थ लेखाएका थिए । यिनका बारेमा इ. प्र. अंक १ पृ. १०८ जुम्लेश्वरको वंशावलिमा लेखिएको छ– '.बलि-राजा जुम्लामा सुनार गाउंमा रजायाको संवत् १४६१ श्री शाके १३२६ मार्गशीर्ष सुदि १५ रोज १ सुभम् ।" यो मिति अति भरपर्दो छ । यसलाई पुष्टि दिने यही वर्षको मेदनि र बलिराजको संयुक्त ताम्रपत्र छ । जुवाइं बलिराज-लाई यति ठूलो उत्तरी जुम्ला (वर्तमान) को राज्य दिएको देखेर त्यताका जनताहरूले गाएका थिए पनि– "धन्य धन्य मेदनि बम्ब धन्य तम्रो हियो । सात दिनको हिडन्या बाटो दातव्यमा दियो ।" मेदनिले जुवाइंलाई राज्य दिने समयमा अरू तीन भाइलाई समेत राज्य दिएका थिए । यसमा शंका उठाउनुपर्ने कारण केही छैन । माहिला पीताम्बरलाई उनी बसेको ठाउं रुकुम, साहिमा सुरतानलाई उनी बसेको ठाउं सामाकोट र कान्छा संसारीलाई विलास-पुरको टीकोफुर्को मेदनिले दिए तथा बीचको भाग जगती-पुरमा बसेर आफू सम्पूर्ण कर्णाली प्रदेशको रजाइं गर्न लागे । उनका अधीनमा ४४ रजौटाहरू थिए । मले वर्मन्ले खाडाचक्रमा र मेदनि वर्मन्ले जगतिपुरमा राजधानी गराइं-दिंदा सिजानगरलाई अवश्य धक्का पर्न गएको होला । मेद-निले कतिसंम रजाइं गरे औ जगतिपुरको केन्द्रीय शासन कुन बेला भंग भयो, यसको अझै खोजी भइसकेको छैन । जुन बेला राजरीतिज्ञ वीर, धीर, बहादुर शाहले कर्णाली प्रदेशका बाइस ठकुराइन विशाल नेपालमा विलीन गराएका थिए त्यस बेला यस प्रदेशमा झन्डै सत्र राज्यहरू र गण्डकी

प्रदेशका चार राज्यहरू वर्मन् शाहीवंशका हातमा थिए। यसबाट हामीलाई ज्ञान हुन्छ शान्तिपूर्वक भाइ र जुवाइंहरूलाई राज्य बांडिदिने मेदनिका छोरा नातिका पालासंम पनि बाइसे रजौटाहरूले जगतिपुरलाई मानी खाएका होलान्।

अब हामी बाइसे रजौटा कुन कुन हुन् औ वर्मन्हरू कुन कुन राज्यमा राज्य गरिरहेका थिए यसमा विचार दौडाऔं। गण्डकी प्रदेश र कर्णाली प्रदेशको सिमानामा आजतक भूगोलवेत्ताहरूको एक मत भइसकेको छैन तापनि स्वर्गद्वारी लेकको पश्चिम सखीको लेकलाईनै धेरैले सिमाना मानेका छन्। राप्ती नदीका आसपासको जमीन कुनै कर्णालीमा र कुनै गण्डकीमा पर्नेजान्छ। किनभने यसका किनारका ठकुराइन यस नदीका वारपारसंम फैलिएका थिए। प्यूठान र उदयपुर चौबीसेमा तथा रोल्पा, खुम्री र छिल्ली बाइसेमा गणना गर्न मिल्दछन्। वि. सं. १३८६ तिर आदित्य मल्लले देवचन्द्र वर्मन्लाई अछामको रजाइं दिए। वि. सं. १४१७ तिर पृथ्वी मल्लले भीम वर्मन्लाई सम्पूर्ण कर्णाली प्रदेशको रजाइं दिए। डोलिएको यस प्रदेशलाई वि. सं. १४६१ मा मेदनिले ५ टुक्रा पारे; जाजरकोट, रुकुम, सल्यान, विलासपुर र जुम्ला। मेदनिकै पालामा कैं गरेर उनका छोरा नातिका पालामा पनि कर्णाली प्रदेश टुक्रिंदै जा[illegible]ाग्यो जाजरकोटबाट जाहारी, रुकुमबाट रोल्पा, सल्यानबाट छिल्ली, विलासपुरबाट दुल्लु, दैलेख, रासकोट र सान्नी तथा अछामबाट दर्ना, बोगटा, डोटी, बाजुरा र छान्ना बनी वर्मन् राज्यहरू बढेका या फैलिएका जस्तो बुझिन्छ। यी बाहेक जुम्लामा कल्याल शाही, दाङमा थारू र बझाङ, थलरा तथा खुम्रीमा सिंह औ अन्य ठकुरीवंशको रजाइं चलेको थियो। विशाल नेपालमा बाइसे राज्य विलीन हुने समयमा ढोटी, दुल्लु, बझाङ, जाजरकोट, सल्यान र जुम्ला-यी ठूला राज्य र बाजुरा, छान्ना र खुम्री साह्रै साना राज्य थिए। त्यस बेलाका नेपालका संगातीमध्ये बाइसेका सल्यानले दाङ र जाजरकोटले खुम्री राज्य भेट्टाएका थिए। यसै गरी बाइसे राज्यमा उलटपलट नभएको पनि छैन। यसको एक एक राज्यको इतिहास लेखिएपछि यस प्रदेशको राम्रो इतिहासको ज्ञान हुनेछ।

कर्णाली प्रदेशका धेरैजसो वर्मन् शाहीहरूले हिजोआज "शाही" पद ग्रहण गरेका छन्। जसरी दिल्लीका मुसलमान बादशाहहरूले अधीनका राजाहरूलाई एक एक पद दिएर खुशी गराएका हुन्थे उसै गरी नेपाल दरबारले पनि कर्णालीका रजौटाहरूलाई पनि "शाह" बनाउंदै लगेका थिए। उपमालाई सल्यानकै कुरा लिऊं, लक्ष्मीपति पाण्डे जो बहादुर शाहका नजीकका मान्छे थिए उनले वि. सं. १८५० मा लेखेका थिए— "समालवंशमा जन्मेका अत्रि गोत्रका सल्यानका राजा श्री कृष्ण वर्मा हुनुहुन्छ। उहांका छोरा रणभीम वर्मन् र नाति रघुनाथ शाह हुनुहुन्छ---।" यो कुरा पूर्णिमा पूर्णाक ९ पृ. ४५,४६ मा लेखिएको छ। माथिनै भनियो मेदनि बर्मन्का साहिला भाइ सुरतान वर्मन् वा सुमेरु वर्मन्ले सामाकोटको राज्य भेट्टाउंछन्। यो सामाकोट आजतक सल्यानमा छंदैछ। लक्ष्मीपतिले बाजेलाई वर्मा, छोरालाई वर्मन् र नातिलाई एकाएक शाह भनेर लेखेका छन्। यसरी "शाह" पद नेपाल दरवारबाटै फैलिएको देखिन्छ।

वि. सं. १४१७ देखि १८४६ संम जम्मा ४२९ वर्षसंम वर्मन् शाहीहरूले कर्णाली प्रदेशको ठूलो हिस्सामा राज्य गरेका छन्। पालहरूका समयमा तयार भएको नेपालीको जातिपांति, रीतिरिवाज, धर्मकर्म र बोलीचाली वर्मन्हरूका समयमा परिपक्व भएर गण्डकी प्रदेशमा बढ्दछ अनि त्यहांबाट कोशी प्रदेशमा सर्दछ। माथिनै भनियो नेपाल (काठमाडौं) उपत्यकामा मल्लहरूको जुन स्थान छ कर्णाली प्रदेशमा वर्मन् शाहीहरूको त्यही स्थान छ।